नेपाल सरकार
# श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(वैदेशिक रोजगार व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाडौं

चलानी नम्बरः- वै.रो.व्य./०७६/७७- ३८९

मितिः २०७७/३/१८

श्री वैदेशिक रोजगार विभाग,
बुद्धनगर, काठमाण्डौं।

**विषयः श्रम स्वीकृति सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७६/११/२९ गते बसेको नोभेल कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिको बैठकले गरेको वैदेशिक रोजगारीका लागि दिईने श्रम स्वीकृति स्थगन गर्ने निर्णय बमोजिम श्रम स्वीकृति दिने कार्य स्थगित रहेकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/३/१५ को बैठकले देहाय बमोजिम निर्णय गरेकोले निर्णयानुसारको विषय कार्यान्यवन गर्नुहुन अनुरोध छ।

(१) बिदामा नेपाल आएका तथा करार अवधि बाँकी रहेकाको हकमा कोभिड-१९ परीक्षण र स्वास्थ्य सम्बन्धी प्रोटोकलको पालना गर्ने गरी वैदेशिक रोजगारीमा जान दिने ।

(२) यस पूर्वको करार अवधि समाप्त भई पुनः करार नवीकरण गरेका र भिषाको समेत म्याद थप भएका व्यक्तिले आवश्यक कागजातहरु सहित निवेदन दिएमा कोभिड-१९ परीक्षण र स्वास्थ्य सम्बन्धी प्रोटोकल समेतको आधारमा पुनःश्रम स्वीकृति जारी गर्ने ।

२०७७/३/१८

(जमुना काफ्ले)
शाखा अधिकृत

**बोधार्थ एवम् कार्यार्थः**

श्री वैदेशिक रोजगार कार्यालय, ताहाचल, काठमाण्डौं ।
श्री श्रम कार्यालय (वैदेशिक रोजगार हेर्ने सबै) ।

फोन नं.०१-४२००४७६, फ्याक्स नं.०१-४२११८७७,वेब साईटः- moless.gov.np, ईमेलः-info@moless.gov.np